कपिलवस्तु नगरपालिका

# नगर कार्य पालिकाको कार्यालय

तौलिहवा,कपिलवस्तु

प्रदेश नं.५

## दरभाउपत्र पेश गर्ने सम्बन्धी सूचना

(प्रकाशित मिति : २०७७/०४/२५)

यस नगरपालिका क्षेत्रभित्र निर्माणाधीन हुलाकी सडकको सडक क्षेत्राधिकार भित्र कार्यालय भवनको अगाडिको व्यवसायीक सटर समेत पर्ने भएकोले उक्त भवन तोडी अनावश्यक सामानहरु ढुवानी गरी कार्यालयले उपलब्ध गराएको स्थानसम्म लैजाने कार्य यसै नगरपालिकाको सार्वजनिक खरीद नियमावली २०७६ को नियम ९४ अनुसार उक्त वार्ताद्धारा गराउनु पर्ने भएकोले निर्माण व्यवसायी ऐन २०५५ अन्तर्गत दर्ता भएका नेपाल सरकारबाट इजाजतप्राप्त इच्छुक निर्माण व्यवसायीहरुले निम्न शर्तहरुको अधिनमा रही रीतपुर्वकको दरभाउपत्र ३(तीन) दिन भित्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

शर्तहरु :

१. कार्यालयबाट उपलब्ध गराइएको परिमाण सूचीमा भरी दरभाउपत्र पेश गर्दा नविकरण भएको ठेक्का ईजाजतपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र आ.व.२०७५/०७६ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि संलग्न गरी उल्लेखित म्याद भित्र नगर कार्य पालिकाको कार्यालय,पूर्वाधार शाखामा बुझाउन सकिनेछ ।

२. उक्त भवन तोडी अनावश्यक काम नलाग्ने बस्तुहरु ढुवानी गरी कार्यालयले उपलब्ध गराएको स्थानसम्म पुर्याउन पर्नेछ साथै काम लाग्ने सामग्री जस्तै झयाल,ढोका सटर ग्रिल तथा अन्य आवश्यक सामानहरु कार्यालयमा बुझाउनु पर्ने छ ।

३. दरभाउपत्र सर्त रहित, प्रत्येक आईटममा प्रस्टसंग भरिएको, दरभाउपत्र लगायत कार्यालयबाट उपलब्ध गराईएको डकुमेन्टमा कुनै थपघट वा द्रष्टव्य नलेखिएको हुनुपर्नेछ । दररेट सच्याउनु परेमा सच्चाइएको ठाउंमा दस्तखत भएको हुनुपर्नेछ । समय भित्र प्राप्त नभएको, रीत नपुगेको, सूचनाको शर्त विपरित भएको दरभाउपत्र माथि कुनै कारवाही हुने छैन ।

४. नेपाल सरकारलाई तिर्न/बुझाउनु पर्ने सबै प्रकारका करहरु र स्थानीय स्तरमा तिर्नुपर्ने सबै प्रकारका करहरु दरभाउपत्र मा उल्लेख गरिएको दररेटमा (भ्याटबाहेक) समावेश गरिएको मानिने छ ।

५. दरभाउपत्र दाताले निर्माण स्थल र कामको सम्बन्धमा राम्ररी बुझि दरभाउपत्र भरेको मानिनेछ ।

६. दरभाउपत्रको डकुमेन्ट, स्पेसिफिकेशन, परिमाण सूची (Bill of Quantities) आदिमा (भाषागत समेत) त्रुटी भएमा वा विषय प्रसंगले अंर्को अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन बाधा पर्नेछैन ।

७. प्राप्त दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा मात्र स्वीकार गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

८. दरभाउपत्र दाताबाट निर्माण कार्यको दरभाउपत्र मा उल्लेखित परिमाण सूचीमा प्रत्येक आईटमको दररेट भरी नआएमा त्यस्तो दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।

९. दरभाउपत्र मा नियमानुसार लाग्ने भ्याट बाहेकको दररेट अंक र अक्षरमा उल्लेख गर्नुपर्नेछ, अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

१०. यसमा उल्लेख नभएका बिषयको हकमा नगरपालिकाको सार्वजनिक खरीद नियमावली २०७६ र अन्य प्रचलित ऐन/नियम अनुसार हुनेछ । विस्तृत विवरण बुझ्न साथै अन्य थप जानकारीको लागि मो.नं.९८५७०५४२०२ मा सम्पर्क राख्नु होला ।

| क्र.सं. | ठेक्का नं. | योजनाको नाम | अनुमानित ल.ई. (भ्याट सहित)रु | बुझाउनु पर्ने अन्तिम समय |
|---|---|---|---|---|
| १ | KM/BDG/077/078-01 | नगरपालिका कार्यालय अगाडिको भवन भत्काउने तथा हटाउने कार्य | ४,८५,०४९/५६ | २०७७ श्रावण २८ गते दिनको २:०० बजेसम्म |

प्रमुख प्रशासकीय अधिकृत

२०७७/४/२५

नि. प्रमुख प्रशासकिय अधिकृत